# त्रिभुवन विश्वविद्यालय
**Tribhuvan University**
**कानून संकाय**
**FACULTY OF LAW**

डीनको कार्यालय
**DEAN'S OFFICE**

पत्र संख्याः-
**Ref. No.**
चलानी नं:-

**Date:**
मितिः २०८२।०५।०२

**विद्यावारीधी तहको शोधपत्र बुझाउने म्याद थप सम्बन्धि जरुरी सूचना ।**

यस संकाय अन्तर्गत विद्यावारीधी तहको अध्ययन सिमेष्टर प्रणालीमा शुरुवात हुनु पूर्व बि.सं २०६६ र २०६७ मा विद्यावारिधि तहमा भर्ना भएका शोधार्थीहरुले त्रि.वि.कानून संकाय विद्यावारिधि कार्यक्रम सञ्चालन विनियम, २०७५ ले तोकेको सयम सीमा भीत्र विविध कारणले शोध प्रवन्ध बुझाउन नसकेको अवस्थामा शोधपत्रको प्रारम्भिक मस्यौदा समेत तयार गरेका र त्यस्ता शोधार्थीहरुलाई पुनः रजिष्ट्रेशन गराई नियमानुसार शुल्क समेत लिने र शोधपत्र सम्बन्धी आवश्यक सबै प्रकृया पुरा गरेको अवस्थामा २ बर्ष भित्रमा शोधपत्र बुझाई अन्तिम प्रकृया समेत सम्पन्न गर्ने गरी प्रकृया अगाडि बढाउन स्विकृति प्राप्त भएको हुँदा यस सम्बन्धि त्रि.वि. प्राज्ञिक परीषदको मिति २०८२ साल श्रावण १५ गते बसेको बैठकको निर्णय नं १८५ यसै साथ संलग्न गरि सम्बन्धित सबैको जानकारीकोलगि सूचित गरीन्छ ।

डीन
कानुन संकाय

**डीन**
**कानून संकाय**

Phone No.: +977-5326586, 5330516, P.O. Box No.: 19445, Balkhu, Kirtipur Nepal
E-mail: facultyoflaw1234@gmail.com, Website: www.fol.edu.np

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
प्राज्ञिक परिषद्को कार्यालय
OFFICE OF THE ACADEMIC COUNCIL

कीर्तिपुर, काठमाडौं, नेपाल
Kirtipur, Kathmandu, Nepal

In reply please refer to
च.नं.: 33/082/083

प्राज्ञिक परिषद्को कार्यालय
कीर्तिपुर

Date/मिति २०८२।०५।०१

श्रीमान् डीनज्यू
कानून संकाय
त्रि.वि. बल्खु ।

**विषयः- निर्णय पठाएको बारे ।**

त्रि.वि. प्राज्ञिक परिषद स्थायी समितिको मिति २०८२ साल श्रावण १५ गते बसेको बैठकको निर्णय नं.१८५ त्यस संकायसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाएको व्यहोरा अनुरोध गर्दछु ।

केदार नाथ ढकाल

## निर्णय नं. १८५

कानुन संकाय अन्तर्गत विद्यावारिधि तहको अध्ययन अध्यापन सेमेष्टर प्रणालीमा सञ्चालन भई रहेको सन्दर्भमा सेमेष्टर प्रणालीको शुरुवात हुनु पुर्व वि.सं. २०६६ र २०६७ मा विद्यावारिधि तहमा भर्ना भएका शोधार्थीहरुको त्रि.वि.कानुन संकाय विद्यावारिधि कार्यक्रम सञ्चालन बिनियम, २०७५ ले तोकेको समय सीमा भित्र शोध कार्य सम्बन्धी कार्यहरु अन्तिम चरणमा रहेको भएता पनि विविध कारणले शोधप्रवन्ध बुझाउन नसकेको अवस्थामा यस संकाय अन्तर्गत विद्यावारिधि तहमा भर्ना भई सोधकार्य गरी रहनु भएका त्यस्ता शोधार्थीहरुले शोत्रपत्रको प्रारम्भिक मस्यौदा समेत तयार गरेको र म्याद थपका लागि निवेदन समेत दिएको अवस्थामा शोधपत्रको प्रारम्भिक मस्यौदा समेत तयार गरेका त्यस्ता शोधार्थीहरुलाई पुनः रजिष्ट्रेशन गराई नियमानुसार शुल्क समेत लिने र शोधपत्र सम्बन्धी आवश्यक सबै प्रकृया पुरा गरेको अवस्थामा २ बर्ष भित्रमा शोधपत्र वुझाई अन्तिम प्रकृया समेत सम्पन्न गर्ने गरी प्रकृया अगाडि वढाउन स्वीकृति दिने निर्णय गरियो ।

श्री प्रशासन
सम्बन्धित सबैको जानकारीका
लागि प्रेषित गर्नु
२०८२।०५।०१